"खानेपानी,सडक, विद्युत, कृषि, पर्यटन, संचार, खेलकुद, स्वास्थ्य, शान्तिसुरक्षा र शिक्षा-पौवादुङमावासीलाई उपलब्ध गराउने गाउँपालिकाको ईच्छा"

# पौवादुङ्मा गाउँपालिका
# गाउँकार्यापालिकाको कार्यालय

च्याङ्ग्रे, भोजपुर
१ नं. प्रदेश, नेपाल

पत्र संख्याः- ०७९/८०
चलानी नं.:-

मितिः-२०७९/०९/२१

## रेविज रोग सम्वन्धि सूचना

प्रस्तुत विषयमा यस पौवादुङ्मा गाँउपालिका मा विगत केहि महिना देखि शंखास्पद रुपमा रेविज लागेको कुकुर को टोकाइ बाट केहि पशु को मृत्यु भएको जानकारी मा आएको छ । रेविज रोग विषेशगरी कुकुर बिरालो जस्ता जनावरको टोकाईबाट मानिस लगायत अन्य स्तनधारी जनावरहरुमा लाग्ने एक प्राणघातक रोग हो। रेविज लागेको जनावरले टोकेमा उक्त जनावरको न्यालबाट यो रोगको विषाणु मानिस तथा अन्य जनावरमा समेत सर्दछ। मानिसमा रेविज रोग सत प्रतिशत प्राणघातक पाईएको छ र हालसम्म यस रोगको कुनै खास उपचार समेत छैन तसर्थ रेविज रोग सम्वन्धि निम्न कुराहरुमा सचेत रहनुहुन अनुरोध गरिन्छ ।

**सर्ने तरिकाः** यो रोगको संवाहक बहुला जनावर नै मानिन्छ । यस्ता जनावरको -यालमा भएको विषाणु र उक्त जनावरको टोकाई वा अन्य माध्यम हुँदै शरीरका विभिन्न स्नायु प्रणाली हुदै मस्तिस्कमा पुग्दछ ।

### गाईभैसीमा देखिने लक्षणहरु।

- अकस्मात जनावर तर्सने ।
- आक्रमक हुने मानिस वा कुनै पशु वस्तुलाई हान्ने
- अजिव स्वर गरेर कराउने ।
- दात किटकिटाउने, घाँस पानी ननिल्ने, निल्न नसक्ने ।
- साँढे, राँगो खोजे जस्तो गरी पिसाव तुरतुर गर्ने
- बिस्तारै पछाडिको भागको पक्षघात हुने लगातार न्याल काडिरहने गुदद्वारको पक्षघात हुने
- पक्षघात भएको ३—४ दिनमा पशु मर्ने

### रेबिज विरुद्ध खोप लिनुपर्ने अवस्था

- लक्षणका आधारमा बहुला हो भन्ने यकीन भएको कुकुरले टोकेमा
- टोक्ने कुकुर मारिएमा ।
- टोक्ने कुकुरको पहिचान गर्न नसकिएमा ।
- टोक्ने कुकुर हराएमा वा वेपता भएमा ।
- शंकास्पद कुकुर रेबिज रोगको लक्षण देखाई १० दिनभित्र मरेमा वा प्रयोगशालामा शंकास्पद मारिएको कुकुरको गिदी परीक्षण गर्दा रेबिज लागेको प्रमाणित भएमा ।
- बहुला जनावरको न्याल आलो घाउ चोटपटक लागेको भागमा परेमा ।
- न्याल काडिरहेको गाईभैंसीलाई औषधी खुवाउने क्रममा मुखभित्र हात हालेमा र पछि न्याल लसपस भएमा ।

### रोकथाम तथा नियन्त्रणका उपायहरु

- घरपालुवा कुकुर विरालोलाई निश्चित अवधिहरुमा रेविज विरुद्धको खोप (एन्टी – रेविज भ्याक्सिन) लगाउने।
- आफ्नो छरछिमेक वरिवरि रेविज लागेको कुकुर वा रेविजको शंका लागेमा तुरुन्तै पशु सेवा शाखा मा सम्पर्क गर्ने।
- कुकुरले टोकेमा चाडो भन्दा चाडो टोकेको ठाँउमा राम्रो सँग सावुन पानीले सफा गरि चिकित्सकको सल्लाह बमोजिम भ्याक्सिन लगाउने। (रेविज रोग लागेको वा शंखाप्पद जनावरले टोकेमा प्रत्येक नेपालीलाई रेविजको भ्याक्सिन नि:शुल्क उपलब्ध गराउने व्यवस्था समेत गरेको छ।)

**पुनस्चः घर पालुवा कुकुर/विरालो तथा छाडा कुकुरमा रेविज विरुद्द नि:शुल्क खोप लगाउने कार्यक्रम रहेको हुदा पशु सेवा शाखामा सम्पर्क गर्नुहुन सम्पुर्णमा अनुरोध छ।**

नविन भट्टराई
प्रमुख प्रशासकिय अधिकृत